गोकुलगंगा गाउँपालिकाका गाउँसभा सदस्य एवं गाउँपालिका उपाध्यक्ष उषादेबी कार्की ज्यूद्वारा २०८३ असार १० गते बुधबारका दिन गोकुलगंगा गाउँपालिकाको गाउँसभाको उन्नाइसौं अधिवेशनमा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को

# बजेट बक्तव्य

**सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्य ज्यूहरु ।**

१. गोकुलगंगा गाँउपालिकाको सम्मानित गाउँसभाको १९ औ अधिवेशन समक्ष गाउँपालिकाको मार्गदर्शक सिद्दान्तको रुपमा रहेको आर्थिक वर्ष २०८३/८४ को समग्र नीति तथा कार्यक्रम कार्यान्वयनको दस्तावेजको रुपमा रहेको यो बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु।

२. गोकुलगंगा गाउँपालिकाको यो बजेटले गोकुलगंगा गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र कृषि क्षेत्रको रुपान्तरणमा महत्व राख्ने अपेक्षा गरेको छु।समग्र गोकुलगंगाको विकासको गोरेटो कोर्ने र गोकुलगंगाको विकासका लागि आधार बनाँउन यो बजेटले महत्व राख्ने समेत अपेक्षा गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालका विभिन्न समयका आन्दोलन, राजनीतिक परिवर्तन, जेन जी आन्दोलनमा वलिदान गर्नुहुने ज्ञात अज्ञात सहीदहरुप्रति श्रद्धान्जली व्यक्त गर्न चाहन्छु।आन्दोलनको क्रममा वेपत्ताहुनुभएका हरुको स्मरण गर्दै घाईतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु।

३. **शिक्षा,स्वास्थ्य,कृषि र पूर्वाधार हाम्रो गाउँपालिका निर्माणको मूल आधार** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि, उत्पादन, खानेपानी, दीगो पुर्वाधार, ऐतिहासिक र मौलिक पहिचान सहित संस्कृतिको संरक्षण र विकास गर्दै र सुशासनमैत्री सेवा प्रवाहमार्फत गाउँपालावासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने उद्देश्यका साथ गाउँपालिका अघि बढीरहेको कुरा सबैलाई सर्वविदितै छ।

४. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, गाँउपालिकाको अर्थ विधयेक २०८३, विनियोजन विधयेक २०८३ आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, विषयगत समितिका सुझावहरु, विषयगत समितिका सिफारिसहरु, विज्ञका सुझाव, नागरिकहरुका राय सुझावका आधार नै आर्थिक वर्ष २०८३/८४ को बजेट प्रक्षेपणको आधार रहेको छ।

५. अब म गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को संक्षिप्त जानकारी गराउन चाहन्छु। आर्थिक वर्ष २०८२/८३ का लागि कुल ५७ करोड २४ लाख ३४ हजार १७ रुपैया आय र व्यय (संसोधन सहित) अनुमान गरिएकोमा हालसम्म कुल ५२ करोड ९७ लाख १३ हजार ९ सय १७ रुपैया आम्दानी भएको छ।

६. व्यय तर्फ गाउँपालिकाले चालू तर्फ ३९ करोड ११ लाख ७४ हजार १७ रुपैया विनियोजन भएकोमा हालसम्म २४ करोड ५३ लाख ९१ हजार ४ सय ८३ रुपैया खर्च भएको छ जुन

कुल विनियोजनको करिब ६३ प्रतिशत हो भने पूजीगत तर्फ १८ करोड १२ लाख ६० हजार रुपैया बिनियोजन भएकोमा हालसम्म ८ करोड २२ लाख ६१ हजार ८ सय ११ रुपैया खर्च भएको छ जुन कुल पुजिगत बिनियोजन मध्ये ४५ प्रतिशतभन्दा बढी हो। यसरी गोकुलगंगा गाउँपालिकाको हालसम्म ३२ करोड ७६ लाख ५३ हजार २ सय ९४ खर्च भएको छ जुन ५७ प्रतिशत भन्दा बढी हो।

७. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ।

**क.** विकास, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययीतामा आधारित गाँउपालिका निर्माण गर्ने

**ख.** गाँउपालिकाबासीको न्यूनतम आधारभूत आवश्यकता र प्राथमिकताहरु परिपूर्ती गर्दै जाने

**ग.** आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पुर्वाधार विकास मार्फत समुन्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने

**घ.** स्रोत साधनको अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध गाउँपालिका बनाउने

**ङ.** विकास सहयात्रीहरु संगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा गाउँपालिकाको वित्तिय तथा विज्ञताको रिक्तता पुर्ती गर्दै साझेदारी विधिबाट दीगो भौतिक पुर्वाधार तथा सेवा प्रवाह गर्दै जाने

८. आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु

**क.** शहरी एवं ग्रामिण पुर्वाधार, अधुरा योजनाहरुको निरन्तरता

**ख.** शिक्षा विकास

**ग.** गुणस्तरीय स्वास्थ्य सेवा

**घ. पशु तथा कृषि विकास**

**ङ. खानेपानी तथा सरसफाई**

**च. ऐतिहासिक, पुरातात्विक मौलिक संस्कृति प्रवर्द्धन**

**छ.** उद्योग को विकास

**ज.** विपत व्यबस्थापन

**झ.** युवा तथा खेलकुद

**ञ.** सुचना प्रविधि तथा डिजिटल सेवा

**ट.** कर्मचारी प्रशासन तथा जनशक्ति विकास

**ठ.** सहकारी

**ड.** निजी क्षेत्रसंगको सहकार्य

**ढ.** लैंगिक समानता

**ण.** सामाजिक समावेशिकरण

**सभाका अध्यक्ष एवं**

**गाउँसभाका सदस्यज्यूहरु**

९. अव म गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०. आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयनको लागि कुल ६३ करोड ५ लाख २० हजार २ सय ७६ रुपैया विनियोजन गरिएको छ। यसको लागि आन्तरिक आयबाट ७ करोड ८२ लाख ९ हजार ५ सय ११ रुपैया, संघीय सरकारको वित्तिय हस्तान्तरण र राजस्व बाँडफाँडबाट ४६ करोड ३६ लाख ८३ हजार रुपैया, प्रदेश सरकारको वित्तिय हस्तान्तरण र राजस्व बाँडफाँडबाट ८ करोड ८६ लाख २७ हजार ७ सय ६५ रुपैया आय हुने अनुमान गरिएको छ।

११.अन्तरसरकारी अख्तियारी अन्तर्गत संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने करिब १२ करोड रुपैयाँ गाँउपालिकाको संचित कोषमा प्राप्त नहुने हुँदा त्यस्तो बजेटलाई अन्तरसरकारी अख्तियारी बाट नै खर्च तथा लेखांकनको व्यवस्था हुने छ।

१२. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन बजेट प्रस्तुत गर्न चाहन्छु

क. कृषि क्षेत्रको विकास, पशुपंक्षी विकास, उद्योगको विकास एवं विस्तार, पर्यटन प्रवर्द्धन, सहकारी क्षेत्रको विकास, जलश्रोत तथा सिँचाई, पशुपन्क्षी विकास र भुमी व्यवस्थाको विकास अन्तर्गत समग्र आर्थिक विकास क्षेत्रको लागि ३ करोड १ लाख ५० हजार विनियोजन गरिएको छ।

ख. सामाजिक विकास अन्तर्गत शिक्षा क्षेत्रको विकास, स्वास्थ्य सेवको विकास, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृतिको विकास, लैंगिक समानता तथा समावेशीकरण, युवा तथा खेलकुद साथै सामाजिक सुरक्षा तथा संरक्षणको लागि २६ करोड ६३ लाख २३ हजार १ सय ३६ रुपैयाँ विनियोजन गरिएको छ।

ग. पुर्वाधार विकास अन्तर्गत यातायात पुर्वाधारको विकास एवं विस्तार, भवन आवास तथा सहरी विकास, उर्जा र सम्पदा पूर्वाधारको लागि १५ करोड ३७ लाख ८५ हजार विनियोजन गरिएको छ।

घ. वाताबरण संरक्षण तथा विपत व्यवस्थापन, शान्ति तथा सुव्यवस्था, कानून तथा न्याय, गरिबी निवारण र श्रम तथा रोजगारीका लागि ३ करोड ९२ लाख ६२ हजार १ सय ४० रुपैयाँ विनियोजन गरिएको छ।

ङ. संस्थागत विकास, सेवा प्रवाह तथा कार्यालय संचालनका लागि १४ करोड १० लाख रुपैयाँ विनियोजन गरिएको छ।

अन्तमा

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्षरुमा सहयोग गर्नुहुने गाँउपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, विषयगत समितिहरु, राजनीतिक दलका प्रतिनिधि, संचारजगत, नागरिक समाज एवं गाउँपालिकाबासी दिदीबहिनी तथा दाजुभाई साथै अहोरात्र खटिने कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तथा कार्यक्रमको सम्पूर्ण विवरण भएको पुस्तिका केही समयमै प्रकाशित गरिने साथै आय व्यय समेटिएको रातो पुस्तिकामा कार्यक्रम र बजेट पुस्तक समेत छिट्टै प्रकाशन गरिने छ।

धन्यवाद